# रत्ननगर नगरपालिका

## स्थानीय राजपत्र

रत्ननगर नगरकार्यपालिकाद्वारा प्रकाशित

रत्ननगर वैशाख १० गते, २०७८ साल

## भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १
बमोजिम रत्ननगर नगरपालिकाको नगरसभाले जारी गरेको ऐन
सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७८ सालको ऐन नं. १**

**रत्ननगर नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८**

प्रस्तावनाः रत्ननगर नगरपालिकाको साबिकको नगर सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको समायोजन नभएको कारण रत्ननगर नगरपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, सम्वत् २०७४ सालदेखि विज्ञापन र बढुवा नहुँदा नगर सेवाका कर्मचारीहरुको बृत्ति विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ कों दफा ६ को उपदफा (४) समेतलाई आधार मानी नगर सेवामा कार्यरत रहेका र अन्य स्थानीय तहबाट सरुवा भई नगरपालिकामा पदस्थापन भएका कर्मचारीहरुको समायोजन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार, सँचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रत्ननगर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१ <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "रत्ननगर नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

नारायण बन
नगर प्रमुख

(क) **"कर्मचारी"** भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको रत्ननगर नगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी वा अन्य स्थानीय निकायबाट समायोजन भई रत्ननगर नगरपालिकामा पदस्थापन भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले रत्ननगर नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) **"नगर सभा"** भन्नाले रत्ननगर नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **"नगरसेवा"** भन्नाले रत्ननगर नगरपालिकामा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(छ) **"नगरपालिका"** भन्नाले रत्ननगर नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) **"स्थानीय कानुन"** भन्नाले रत्ननगर नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

३ <u>नगर सेवाका कर्मचारी समायोजन गर्ने:</u> (१) साविकको स्थानीय निकायको रुपमा नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई नगरपालिकामा सरुवा,पदस्थापन भएका र यो ऐन जारी हुँदाका बखत नगरपालिकामा कार्यरत नगरपालिका सेवाका कर्मचारीहरुको समायोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम हालको पदमा ४(चार) वर्ष निरन्तर सेवा गरेका नगर सेवाका कर्मचारीहरुको समायोजन देहाय बमोजिम हुनेछ :

| क्र.स | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १ | सहायक चौथो | सहायक पाचौ | सहायक पाचौ | |
| २ | सहायक पाचौ | अधिकृत छैटौ | अधिकृत छैटौ | |
| ३ | अधिकृत छैटौ | अधिकृत सातौ | अधिकृत सातौ | |

(३) उपदफा (२) बमोजिमको पद नाममा सम्बन्धित सेवा वा समूह जनाई पद नाम कायम हुनेछ ।

(४) सहायक स्तर पहिलो तहका विभिन्न पदमा कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर वृद्धि हुनेछ ।

नारायण बन
नगर प्रमुख

(५) यस दफा बमोजिम नगर सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलबभन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्नेछन् ।गणना हुने जेष्ठताको आधार लिई समायोजन हुनुपूर्व अवधिको तलब तथा भत्ताहरु दाबी गर्न पाइने छैन ।

४ **समायोजनको पत्र दिने:** (१) यस ऐन बमोजिम समायोजन भएपश्चात नगर सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइने पत्र अनुसूची-१ बमोजिमको हुनेछ ।

५ **पदस्थापन गरिने:** यस ऐन बमोजिम समायोजन भएपश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी पुनरावलोकनले निर्धारण गरेबमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

६ **समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा:** यस ऐन बमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा स्थानीय कानुनले तोकेबमोजिम हुनेछ ।

७ **पुल दरवन्दी सम्वन्धी व्यवस्था:** दफा ३ बमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ ।यसरी समायोजन भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्वको यथास्थानमा कामकाज गर्ने गरी पदस्थापना गर्न बाधा पुगेको मानिने छैन ।

८ **जेष्ठताको गणना:** (१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनुपुर्वको तहमा काम गरेको अवधिलाई समायोजन गरिने प्रयोजनका लागि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुविधा भने यो ऐन जारी भएपश्चात् मात्र लागू हुनेछ ।

९ **आवश्यक व्यवस्था मिलाउने:** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

नारायण वन
नगर प्रमुख

अनुसूची १

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

समायोजन पत्र

पत्र संख्याः                                                              मिति २०७८। ।

चलानी नं.

श्री...........

कर्मचारी संकेत नम्बर

**विषयः समायोजन गरिएको सम्बन्धमा ।**

कर्मचारी समायोजन ऐन, २०७५ र रत्ननगर नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८ बमोजिम ................ देखि जेष्ठता गणना हुने गरी तपाईलाई रत्ननगर नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

आफूलाई तोकिएको जिम्मेवारी प्रचलित कानूनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| साविकको विवरण | समायोजन पछिको विवरण |
|---|---|
| पद : | पद : |
| तह : | तह : |
| सेवा : | सेवा : |
| समूह : | समूह : |

..............................

शिशिर पौडेल

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

प्रमाणीकरण मिति २०७८। ।

आज्ञाले

शिशिर पौडेल

प्रमुख प्रशासकीय अधिकृत